भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं. २०७३/०७४ प्र.शा.    मिति: २०७४/०२/१४

च.नं. २६३८

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
(नगरपालिका व्यवस्था शाखा)
सिंहदरवार , काठमाण्डौ ।

**विषय: वोर्ड वैठकको निर्णय पठाईएको ।**

यस भरतपुर महानगरपालिकाको मिति २०७४/०२/९, ११ र १२ गते वसेको वोर्ड वैठकबाट पारित निर्णयको छायाँ प्रति पाना ५ (पाँच) को थान १ (एक) यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध गरिन्छ ।

**वोधार्थ:**
श्री सूचना शाखा,
भरतपुर महानगरपालिका । (उक्त निर्णय महानगरपालिकाको वेभ साईडमा राख्नु हुन)

....................
प्रेमराज जोशी
कार्यकारी अधिकृत
कार्यकारी अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फागुन २७, २०७३)

Scanned by CamScanner

नगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशी

आमन्त्रित

वरिष्ठ इन्जिनियर श्री भरत कुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम पौडेल

इन्जिनियर श्री विराट घिमीरे

ना.सु. श्री तेजराज खनाल

ना.सु. श्री सुरजराज पौडेल

निर्णय न. १

साविक चित्रवन नगरपालिका हाल भरतपुर महानगरपालिका वडा न.२६ मा,Tender Identification No:NCB\MUN\CHT\05\073\074Milanchowk-Ratapur School-Purnimachowk Road Sectionमा सडक निर्माण कार्यको लागत अनुमान रू ३,३९,८२,४०४।७२ अक्षरुपी तीन करोड उन्नचालीस लाख वयासी हजार चार सय चार र पैसा वहत्तर (मुल्य अभिवृद्धी कर वाहेक) मात्र रहेकोमा सो कार्यको लागि राजधानी राष्ट्रिय दैनीकमा मिति २०७३।११।२० गते सूचना प्रकाशन गर्दा Single stage two envelope को व्यवस्था हुनु पर्नेमा सूचनामा सो नभएको र E-bidding मार्फत पेश भएको एकमात्र वोलपत्र आशिष अनेष्ट जे. भी.को पेश हुन आएको वोलपत्रको पुर्णताको परिक्षण गर्दा आशिष अनेष्ट जे. भी. भरतपुरले Single stage single envelope पेश गरेकोले सो वोलपत्र मूल्यांकन गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालय संग राय माग गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०७४।२।४ गतेको च.न.१४१० को पत्र मार्फत प्राप्त राय वमोजिम उक्त वोलपत्र सारभुतरुपमा ग्राह्य नभएकोले महानगरपालिका वोर्ड समक्ष सारभुत रूपमा ग्राह्य नभएको मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा सो वोलपत्र अस्विकृत गर्ने निर्णय गरियो ।

निर्णय न.२

Tender Notice No.13\07/3\074,Tender Identification No: Bhr\W\SQ\NCB\23-073\074 Gabin work at Ward No.3\4 कार्यको लागत अनुमान रू ११,२०,३७९।२९ अक्षरुपी चौध लाख वहत्तर हजार पाँच सय एक्काइस र पैसा सन्तानव्वे (मुल्य अभिवृद्धी कर सहित) मात्र रहेकोमा सो कार्यको लागि तयार गरि विकि गरिएको दरभाउपत्र फर्ममा BoQ फरक पर्न गएकोले सो कार्यका लागि पेश भएका लोहनी एण्ड सन्स कन्स्ट्रक्सन भरतपुर, जि.एस. इन्जिनियरिङ्ग एण्ड विल्डर्स पोखरा, सापकोटा कन्स्ट्रक्सन भरतपुर र प्रसाद कन्स्ट्रक्सन भरतपुरका दरभाउपत्रहरु अस्विकृत हुने भएकोले महानगरपालिका समक्ष सारभुत रूपमा ग्राह्य नभएको मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा उल्लेखित दरभाउपत्रहरु अस्विकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ३

यस भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयवाट आ.व. ०७३/७४ मा डिस्प्ले वोर्ड निर्माणको लागि प्रकाशित सूचना नं. ०९/०७३/०७४ वातावरण अनुसार पर्न आएका सिलवन्दी दरभाउपत्रहरुमा उल्लेखित आर्थिक प्रस्तावको तुलनात्मक तालिका तयार गर्दा सवैभन्दा कम श्री एपेक्स नेपाल प्रा.लि.काठमाडौंको रु. १०,३७,६२९।६० अक्षेरुपी दश लाख सैतिस हजार छ सय उनन्तीस पैसा साठी (मूल्य अभिवृद्धि कर बाहेक) मात्रको सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २५(८) बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिको निर्णय सहित प्रतिवेदन यस महानगरपालिका बोर्ड समक्ष पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृत गरि खरिद प्रक्रियाको लागि वाकी कार्य अगाडि बढाउने निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०७४ साल जेष्ठ ११ गते विहिवारका दिन बेलुका ५.०० बजे यस भरतपुर महानगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशी

**आमन्त्रित**

वरिष्ठ इन्जिनियर श्री भरत कुमार आचार्य

वरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कँडेल

इन्जिनियर श्री कृष्ण बहादुर मल्ल ठकुरी

जिन्सी प्रमुख श्री नारायण प्रसाद भण्डारी

ना.सु. श्री तेजराज खनाल

निर्णय न.१

साविक नारायणी नगरपालिका हाल भरतपुर महानगरपालिका वडा न. २६ को,Tender Identification No: Bhr\MIDP\W\NCB\22\073\074BlacktoppedRoadConstruction Krishnachowk dekhi Telaulichowk कार्यको लागत अनुमान रू ६४,७३,५१९।५१ (अक्षरुपी चौसट्ठी लाख त्रीहत्तर हजार पाँच सय उन्नाइस र पैसा एकाउन्न) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र रहेकोमा सो कार्यको लागि सो कार्यको लागि पुर्ण भएका फर्महरुको तुलनात्मक तालिका तयार गर्दा न्यू कन्स्ट्रक्सन माडिको रू ६२,८७,४००।०० (अक्षरुपी वैसट्ठी लाख सतासी हजार चार सय) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र, लोहनी एण्ड सन्स कन्स्ट्रक्सन भरतपुरको रू ५८,११,००७।५० (अक्षरुपी अन्ठाउन्न लाख एघार हजार सात र पैसा पचास) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र, प्रसाद कन्स्ट्रक्सन भरतपुरको रू ६१,०१,१७२।०० (अक्षरुपी एकसट्ठी लाख एक हजार एक सय वहत्तर) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र, सिद्धार्थ निर्माण सेवा भरतपुरको रू ६१,४७,०००।०० (अक्षरुपी एकसट्ठी लाख सतचालीस हजार) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र, द कस्मिक निर्माण सेवा भरतपुरको रू ५२,३९,२००।०० (अक्षरुपी बाउन्न लाख उनन्चालीस हजार दुइ सय) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र र न्यू कालिका कन्स्ट्रक्सन भरतपुरको रू ५१,६५,८०८।०० (अक्षरुपी एकाउन्न लाख पैसट्ठी हजार आठ सय आठ) ( मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र रहेकोमा सबै भन्दा कम न्यू कालिका कन्स्ट्रक्सन भरतपुरको रू ५१,६५,८०८।०० (अक्षरुपी एकाउन्न लाख पैसट्ठी हजार आठ सय आठ) (मुल्य अभिवृद्धी कर, कन्टिजेन्सि बाहेक) मात्र पाइएको, साथै ल.ई. भन्दा २०.२०% कम कवोल गरेको देखिएकोमा न्यूकालिका कन्स्ट्रक्सन भरतपुरले पेश गरेको बोलपत्रको BoQ को दररेटमा फ्रन्टलोडिङ्ग एवं न्यून कवोल गरेको पाइएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ को उपनियम २ वमोजिम दर विश्लेषण सहितको स्पष्टिकरण माग गरिएकोमा मिति २०७४।२।७ गते उक्त फर्मले पेश गरेको स्पष्टीकरणमा सम्पुर्ण काम ठेक्काको कार्य अवधि भित्र सम्पन्न गर्ने प्रविवद्धता जाहेर गरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ को उपनियम ३ वमोजिम बोलपत्रदाता न्यू कालिका कन्स्ट्रक्सन भरतपुरसँग निजको कवोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबरको थप कार्य सम्पादन जमानत लिइ वोलपत्र स्विकृत गर्न महानगरपालिका वोर्ड समक्ष मूल्याकंन समितिको निर्णय सहित प्रतिवेदन पेश भएकोमा उक्त वोलपत्र सारभुतरुपमा प्रभावग्राही भएको हुँदा स्विकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. २

भरतपुर महानगरपालिका कार्यालयबाट आ.व. ०७३/०७४ मा अनलाईन घटना दर्ता र प्रभावकारी सेवा प्रवाहको लागि प्रकाशित सूचना नं. ०१/०७३/०७४ भण्डार तथा सम्पत्ती व्यवस्थापन अनुसार कम्प्युटर, प्रिन्टर सप्लाई तथा ईन्टरनेट सेवा जडानका लागि पर्न आएका शिलवन्दी वोलपत्रहरु मुल्यांकन गर्ने क्रममा विषय विशेषज्ञको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(८) वमोजिम प्राप्त प्रतिवेदनमा वोलपत्र सम्वन्धी कागजातमा तोकिएको Technical Specification अनुसार पेश नभएको, तथा मूल्यांकन गर्ने आधार नै उल्लेख नभएको भनी यस भरतपुर महानगरपालिका वोर्ड समक्ष पेश भएको उक्त वोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ (शंसोधन सहित) को दफा २६(१) बमोजिम रद्ध गरि उक्त ऐनको दफा १३(४क) वमोजिम १५ (पन्ध्र) दिनको पुन: सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस भरतपुर महानगरपालिकाको आ.व. २०७३/०७४ को नगर परिषद्वाट पारित वडा नं. १६ (साविक वडा नं. १८) को छहारी चोक बाट नारायणचोक सम्म ग्रावेल गर्ने कार्यको लागि रु. ८,५०,000।- अक्षरुपी आठ लाख पचास हजार मात्र रकम विनियोजित गरिएकोमा उक्त उपभोक्ता समितिले सो योजनालाई संशोधन गरि ऐै. ऐै. वडाको बिनोद वानियाको घर अगाडि देखि लक्ष्मी नारायण मन्दिरसम्म कालो पत्रे गर्ने भनी समितिको निर्णय र १६ नं वडा कार्यालयको सिफारिस सहित आएकोले अन्दाजी २०० मि. सडक कालोपत्रे गर्ने गरि योजना शंसोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस भरतपुर महानगरपालिकामा मिति २०४२/१०/१८ गते देखि लेखापाल पदमा स्थाई नियुक्ति लिई हाल सम्म अविछिन्न रुपमा कामकाज गर्दै आउनु भएका बरिष्ठ प्रशासकीय अधिकृत श्री टीकाराम कंडेलले घरायसी कारण देखाई मिति २०७४/०२/१२ गते देखि राजिनामा स्वीकृत गरि पाउँ भनी दिनु भएको निवेदनमा राजी खुसीले राजिनामा दिएको भनी सनाखत समेत गर्नु भएको हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६० बमोजिम मिति २०७४/०२/१२ गते देखि लागू हुने गरि निजको राजिनामा स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

आज मिति २०६४ साल जेष्ठ १२ गते शुक्रवारका दिन दिउँसो ३.१० बजे यस भरतपुर महा-नगरपालिकाको बोर्ड बैठक प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेमराज जोशीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

प्रमुख तथा कार्यकारी अधिकृत श्री प्रेम राज जोशी

<u>आमन्त्रित</u>

आ. लै. प्र. अधिकृत श्री तुलसीप्रसाद श्रेष्ठ

लेखापाल श्री सिता अधिकारी

ना.सु. श्री तेजराज खनाल

<u>निर्णय नं १.</u>

आ.व. ०६३/६४ मा जेष्ठ नागरीक लक्षित बजेट अन्तर्गत जेष्ठ नागरीक कार्यालय - भवन निर्माण शिर्षकमा विनियोजीत बजेट रु. ८,८२,०००/- अक्षेरुपी आठ लाख बयासी हजार मात्र भरतपुर अस्पताल विकास समितिको प.सं. ०६३/६४ च.नं २८८६ मिति २०६४/२/१० गतेको प्राप्त पत्र एवं जेष्ठ नागरीकहरुको तर्फबाट प्राप्त प्रतिवेदन बमोजिम भरतपुर अस्पतालमा जेष्ठ नागरीक वार्ड व्यवस्थीत गर्न आवश्यक मेडिकल औजार उपकरणहरु उक्त विनियोजीत बजेटको परिधी भित्र रहि सार्वजनीक खरिद ऐन नियम बमोजिम खरिद गरि उक्त अस्पताललाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

२०६४/२/१२

Scanned by CamScanner